स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री प्रियंका कार्कीको निर्माण रहेको फिल्म 'मास्टरनी' भदौ १२ गते प्रदर्शनमा आउने भएको छ। निर्माण युनिटले वितरकसँगको छलफलबाट फिल्मको प्रदर्शन मिति १२ भदौ जुरेको जानकारी गराएका हुन्। भारतीय निर्देशक सुवेन्दु घोषको निर्देशनमा तयार भएको फिल्ममा प्रियाँ कार्की, आयुष्मान जोशी, क्याबिनेट श्रेष्ठ र प्रनित कार्की निर्माताको रूपमा रहेका छन्। फिल्मको कार्यकारी निर्माता सुरक्षा सिंह मलहोत्रा हुन्।

**आजको विचार...**



भ्रष्टाचार...
*(दुई पेजमा)*

इन्द्रबहादुर बराल



अभिनेत्री केकी अधिकारीले नयाँ फिल्म निर्माणको घोषणा गरेकी छन्। नयाँ वर्षको अवसर पारेर उनले मंगलबार फिल्म 'स्टेशन' निर्माण घोषणा गरेकी हुन्। फिल्म घोषण गर्दै केकीले सामाजिक सञ्जालमा लखेकी छन्, 'वर्ष बदलिँदा, समय बदलिँदा कथा पनि बदलिन्छ। तर, सपनाको रङ्ग उस्तै रहन्छ। त्यही रङ्गले कोरेको हाम्रो नयाँ यात्रा- स्टेशन।' 'हामी नयाँ सोच र कथासहित आउने नयाँ वर्षको यो अवसरमा प्रण गर्छौं', उनले अगाडि भनेकी छन् 'बदलिएको समयमा बदलिएको अथवा फरक कथा लिएर आउने छौं।'

❒ वर्ष ३१ ❒ अंक २५७ ❒ २०८३ बैशाख ३ गते बिहीबार 16 April 2026, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# चौथों गोरखा-जितगढी ऐतिहासिक पदयात्रा, सेनाको टोली पाल्पा आइपुग्यो

## कोत, गढी र किल्ला पुग्दै

भरत शर्मा

**पाल्पा,** वैशाख २/चौथों गोरखा-जितगढी पदयात्रामा सहभागी नेपाली सेनाको टोली पाल्पा आईपुगेको छ । गोरखा, तनहुँ, स्याङ्जा हुँदै बुधबार विहान पाल्पा आइपुगेको हो ।

टोलीले चैत २७ गतेदेखि पदयात्रा सुरु गरेको थियो । उताबाट आएको फौजले पाल्पामा तैनाथ फौजलाई पाल्पा र स्याङ्जाको सीमाना केलादीघाटमा झण्डा हस्तान्तरण गरेको छ । उक्त टोलीलाई त्यहाँ भव्य स्वागत गरिएको छ । स्वागतमा तनहुँबाट आएको सेनाको टोलीले पाल्पाको रामपुर नगरपालिकाका नगरप्रमुख रमणबहादुर थापालाई झण्डा हस्तान्तरण र २ नम्वर राज दल गणका प्रमुख सेनानी अनुप थापाले २२ नम्वर गणका बाहिनी पति



बिमल राज शर्मालाई बलेको दियो टर्च हस्तान्तरण गरेका थिए । टोलीलाई पाल्पास्थित नेपाली सेनाको दि फेमस महिन्द्र दल गणले केलादीमा स्वागत गरेको हो । पदयात्रमा नेपाली सेनाको टोली, जनप्रतिनिधि, नागरिक, विद्यार्थी,कर्मचारीसँगै पत्रकारको सहभागितामा नेपाली मौलिक बाजा पञ्चेबाजा, राष्ट्रिय झण्डा, सम्बन्धित गणको झण्डा, नेपाली सेनाको ब्याण्डमा नाँच्दै, गाउँदै गरेका दृश्यहरु देख्न सकिन्छ । सेनाले सैनिक नागरिक सम्बन्धको सुमधुर सम्बन्धलाई कायम गरि थप विस्तार गर्न पदयात्राले महत्वपूर्ण टेवा पुग्ने अपेक्षा गरिएको पदयात्रामा सहभागी सेनाको टोलीलाई स्वागत गर्न पुगेका प्रतिनिधि सभा सदस्य सन्दिप रानाले बताए । ऐतिहासिक महत्व बोकेका गढी, किल्ला, युद्धस्थल, पदमार्ग लगायतका धरोहरको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने तथा सैनिक इतिहासको जगेर्ना गर्ने उद्देश्यले सेनाले पदयात्रा गरिरहेको छ । उक्त पदयात्राका क्रममा सेनाको टोली अहिले पाल्पा आइपुगेको हो । यात्राले ऐतिहासिक गढी, किल्ला, दरबार तथा एकीकरणको क्रममा प्रयोग भएका मार्गहरू पहिचान गरी, संरक्षण, सम्वर्द्धन र विकास गर्न सघाउ पुग्ने प्रमुख जिल्ला अधिकारी विनु बज्राचार्य कुंवरले विश्वास व्यक्त गरिन् ।

*-बाँकी अन्तिम पेजमा...*

### सक्षिप्त समाचार

## इजरायली आक्रमणमा दशको मृत्यु

(रासस/एएफपी)

**गाजा सिटी,** वैशाख २/गाजा स्थित प्यालेस्टिनी क्षेत्रको उत्तरी भागमा भएको इजरायली आक्रमणमा एक जना वच्चा सहित दश जनाको मृत्यु भएको गाजाको नागरिक सुरक्षा एजेन्सीले बताएको छ । गाजामा अक्टोबर-१० देखि लागु भएको युद्धविरामको बावजुद हिंसा जारी छ भने इजरायल र हमासले एकअर्कालाई युद्धविराम उल्लैनको आरोप लगाएका छन् । हमास प्राधिकरण अन्तर्गत उद्धार सेवाको रूपमा सञ्चालीत नागरिक सुरक्षा एजेन्सीका प्रवक्ता महमुद बासलले गाजा सहरमा प्रहरीको गाडीलाई लक्षित गरी गरिएको आक्रमणमा उनीहरुको मृत्यु भएको र अन्य धेरै घाइते भएको बताएका छन् । विज्ञप्तिमा, गाजाको आन्तरिक मन्त्रालयलेसमेत इजरायली लडाकु विमानहरूले सहरको केन्द्रमा प्रहरीको गाडीलाई लक्षित गरी गरेको आक्रमणमा धेरै घाइते भएको बताएको छ । यस अघि सुरुमा उत्तरी बेत लाहिया क्षेत्रमा इजरायली गोली हानाहानमा अर्का एक जना व्यक्तिको मृत्यु भएको पनि उनले बताएका छन् ।

## कालीगण्डकी नदीमा बेपत्ता मध्ये एक मृत फेला



**पाल्पा,** वैशाख २/जिल्लाको बगनासकाली गाउँपालिका -७ दैलातुङस्थित कालीगण्डकी नदीमा बेपत्ता भएका दुई जना मध्ये एक जना मृत फेला परेका छन् । बगनासकाली गाउँपालिका-९चापपानी झिरभञ्ज्याङका २९ वर्षीय तोयनाथ बस्याल बुधबार विहान मृत अवस्थामा भेटिएका हुन् ।

उनी मंगलबार नयाँ वर्षका दिन साथीभाईसँग कालीगण्डकी नदीमा पौडी खेल्ने क्रममा डुवेर बेपत्ता भएका थिए । बेपत्ता उनको खोज्ने क्रममा कालीगण्डकी नदीको बीच भागमा शव भेटिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक होम प्रकाश चौधरीले जानकारी दिए । उनका अनुसार पौडी खेल्ने क्रममा उनीसँगै गएका अर्का सोही ठाउँका ३९ वर्षीय शरण भुसाल बेपत्ता छन् । उनको खोजी कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

मंगलबार करिब ५ बजेको समयमा पौडी खेल्ने क्रममा डुबी वेपत्ता भएको स्थानीयले जानकारी दिएपछि प्रहरी निरीक्षकको कमाण्डमा प्रहरी पुगेको थियो । प्रहरी र स्थानीय बासिन्दाले कालीगण्डकी नदी किनारमा खोजतलास गरिरहेका छन् ।

## ढोरपाटनमा पहिलो पटक हिउँ चितुवा गणना गरिँदै

**गलकोट (बागलुङ),** वैशाख २/ नेपालको एकमात्र सिकार आरक्ष क्षेत्र ढोरपाटनमा पहिलो पटक हिउँ चितुवा गणना गरिने भएको छ । नाउर र झारलको वैधानिक सिकार गरिने ढोरपाटन सिकार आरक्षको उच्च हिमाली भेगमा हिउँ चितुवा पाइने भएपनि हालसम्म गणना गरिएको थिएन । हिउँ चितुवा गणनाका लागि गणकलाई तालिम दिने तयारी गरिएको आरक्षका रेन्जर सागर सुवेदीले जानकारी दिए ।

सुवेदीका अनुसार गणनामा आरक्षका कर्मचारी, तालिम प्राप्त गणक तथा स्थानीयको सहभागिता रहने छ । हिउँ चितुवा गणनाका लागि उच्च पहाडी भेगमा रहेका सिकार ब्लकमा ५६ क्यामेरा जडान गरिने छ । "पहिलोपटक हिउँ चितुवाको अवस्था पत्ता लगाउन लागेका छौं, करिब १० जना गणकहरु ४५ दिनसम्म क्यामेरा राख्दै, प्रत्यक्ष फोटो तथा भिडियो खिच्दै र चितुवाको पाइला तथा दिसा संलग्न गरी गणनाको प्रतिवेदन तयार पारिने छ", सुवेदीले भने, "क्यामेराले कैद गरेका तस्बिर र अन्य स्थलगत प्रमाणहरुका आधारमा हिउँ चितुवाको संख्या पत्ता लाग्छ । आगामी वर्ष भने यहाँका नाउर र झारल गणना गरिने छ ।" यस आरक्षको चार हजार मिटरदेखि सात हजार मिटरभन्दा माथिसम्म हिउँ चितुवाको बासस्थान रहेको छ । एक हजार ३२५ वर्ग किमी क्षेत्रफलमा फैलिएको आरक्षको मुख्यालय बागलुङमा रहेपनि म्याग्दी र रुकुम सम्म फैलिएको छ । आरक्षका विभिन्न सिकार ब्लकमध्ये सेङ, सुनदह, दोगाडी, घुस्तुङ, बार्से र



फागुने ब्लकमा हिउँ चितुवा गणना गर्ने तयारी आरक्षले गरेको छ । रेन्जर सुवेदीका अनुसार हिउँ चितुवा हिँड्ने सम्भावित बाटो, चट्टान, घारी र पास क्षेत्रमा स्वचालित क्यामेरा राखेर फोटो कैद गरी फोटोका आधारमा शरीरको धब्बा मिलाएर छुट्टाछुट्टै चितुवाको पहिचान गरिनेछ । हिउँ चितुवाको दिसा संलग्न गरेर प्रयोगशालामा परीक्षण गरिने र पदचाप तथा संकेत सर्वेक्षण पाइलाका आधारमा समेत गणना गरिने जनाइएको छ । यस आरक्षमा २०७९ सालको गणनाअनुसार एक हजार २९० नाउर र ७४४ झारल भेटिएका थिए ।*-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नवजनचेतना

# सम्पादकीय

## अब बहस होइन, कार्यान्वयनमा लाग

**नेपालको अर्थतन्त्रलाई मजबुत बनाउने विषय आजको प्रमुख राष्ट्रिय बहस बनेको छ । नयाँ आर्थिक बर्षका लागि कस्तो बजेट वनाउने भन्ने बिषयमा अहिले व्यापक रुपमा चर्चा र परिचर्चा पनि शुरु भएका छन् । यसबिच राजनीतिक अस्थिरता, आयातमा अत्याधिक निर्भरता, उत्पादनमा गिरावट र वैदेशिक रोजगारीमा बढ्दो निर्भरता जस्ता समस्याले अर्थतन्त्रलाई कमजोर बनाएको छ । यस्तो अवस्थामा दीर्घकालीन सोचसहितका ठोस कदम वर्तमान सरकारले अवलम्वन गर्नुपर्ने हुन्छ । सबैभन्दा पहिले उत्पादनमुखी अर्थतन्त्रतर्फ ध्यान दिनुपर्छ । कृषि र उद्योगलाई आधुनिकीकरण गर्दै आत्मनिर्भरता बढाउने नीतिहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्छ । अहिले पनि ठूलो मात्रामा खाद्यान्न आयात भइरहँदा आफ्नै उर्वर जमिन बाँझो रहनु विडम्बना हो । कृषिमा प्रविधि, सिंचाइ र बजार व्यवस्थापन सुधार गरी युवालाई यस क्षेत्रमा आकर्षित गर्न सकिन्छ । साना तथा मझौला उद्योगहरूको प्रवर्द्धन अत्यन्त जरुरी छ । रोजगारी सिर्जना र आय वृद्धि गर्न यी क्षेत्र महत्वपूर्ण छन् । सहुलियत ऋण, कर छुट र सरल प्रशासनिक प्रक्रिया मार्फत उद्यमशीलतालाई प्रोत्साहन दिनुपर्छ । यसले विदेश पलायन घटाउन पनि सहयोग पुर्‍याउँछ । सुशासन र पारदर्शिता अर्थतन्त्र सुधारका आधार हुन् । भ्रष्टाचार नियन्त्रण, सार्वजनिक खर्चमा अनुशासन र नीतिगत स्थिरता कायम भएमा लगानीकर्ताको विश्वास बढ्छ । विदेशी लगानी भित्र्याउन पनि यिनै पक्ष निर्णायक हुन्छन् । पर्यटन क्षेत्रको दिगो विकासमा ध्यान दिनुपर्छ । प्राकृतिक र सांस्कृतिक सम्पदालाई व्यवस्थित रूपमा प्रवर्द्धन गरी गुणस्तरीय सेवा उपलब्ध गराउन सकेमा यो क्षेत्र अर्थतन्त्रको बलियो आधार बन्न सक्छ । पाँचौं, वैदेशिक रोजगारीबाट आउने रेमिट्यान्सलाई उपभोगभन्दा उत्पादनमा लगानी गर्ने वातावरण बनाउनुपर्छ । वित्तीय साक्षरता र लगानीका अवसर विस्तारमार्फत यसलाई दीर्घकालीन आर्थिक विकाससँग जोड्न सकिन्छ । अन्ततः, शिक्षा र सीप विकासलाई श्रम बजारसँग जोड्नु आवश्यक छ । प्राविधिक शिक्षा र व्यावसायिक तालिममार्फत दक्ष जनशक्ति उत्पादन गरी देशभित्रै अवसर सिर्जना गर्नुपर्छ । यी सबै कदमहरू प्रभावकारी रूपमा कार्यान्वयन भएमा नेपालको अर्थतन्त्र बलियो, आत्मनिर्भर र दिगो दिशामा अघि बढ्न सक्छ । अब बहस होइन, कार्यान्वयनको समय आएको छ ।**

## Opinion @ Social Network

हतारले चोट दिन्छ धैर्यताले औषधी।
सबै कुरा अहिले नै हुनुपर्छ भन्ने छैन केहि कुरा सहि समय मै मात्र सुन्दर हुन्छ ।
*(एलिषा आलेको फेसबुक स्टाटसबाट www.facebook.com/Alisha.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भ्रष्टाचारमुक्त र सुशासनयुक्त समाज निर्माणमा लागौं



**इन्द्रबहादुर बराल**

*वर्तमान सरकारसँग धेरै चुनौती छन् । ती चुनौती सामना गर्न चानचुने प्रयासबाट सम्भव देखिँदैन । पहिलो गाँसमै ढुंगा परेको छ मन्त्री बनाएको दुई हप्तै नबित्दै बर्खास्त गर्नुपरेको छ । यस्ता घटना बेलामौकामा देखापरिराख्छन् भन्ने कुरा बिर्सनु हुँदैन । विपक्षीहरूले लगाउने गरेको आलाकाँचाको आरोप मन्त्री दीपक साहको बर्खास्तीले पनि पुष्टि गरिसकेको कुरा भनिरहनुपर्ने विषय होइन । यसार्थ सुशासनका लागि चालिनुपर्ने कदम केवल कागजी घोडामात्र नबनून् व्यवहारको कसीमा खारिँदै जाउन् । अनिमात्र नेपाली समाजलाई भ्रष्टाचारको जालोबाट मुक्त गरी सुशासनयुक्त बनाउन समर्थ भइन्छ । जेन-जी विद्रोहको बेला तत्कालीन सरकारले अत्यधिक बल प्रयोग गरी अत्यन्तै ठूलो (दर्जनौ) संख्यामा मानवीय क्षति बेहोर्नुपर्‍यो । साथसाथै ठूलो मात्रामा भौतिक संरचना ध्वस्त भए । यी सबैको जिम्मेवारी तत्कालीन सरकार, सरकारमा आबद्ध पार्टीहरूमा थोपरियो तर जेनजी विद्रोहलाई उकास्ने र त्यही विद्रोहको आडमा विध्वंश मच्चाउनेहरूलाई संरक्षण गर्ने काम गौरीबहादुर कार्की आयोगले गरेको तथ्य सार्वजनिक भएकै छन् । यदि बालेन्द्र साह सरकारले ती सबै घटनाहरूको थियो ।*

हालैको ताजा जनमतबाट कसैले डेग हल्लाउन नसक्ने गरी निर्माण भएको शक्तिशाली सरकारबाट नागरिकका इच्छा आकांक्षा पूरा हुने अपेक्षा राखिएको छ । विशेष गरेर नेपाल अब भ्रष्टाचारमुक्त, सुशासनयुक्त शासन पद्धति हुनेमा नेपालीहरू विश्वस्त र आश्वस्त देखिन्छन् । आजको प्राथमिक आवश्यकता नै कुशासनको अन्त्य गरी सुशासन स्थापना हो । यसो भनिरहँदा नागरिकका जनजीविका सबाललाई चटक्कै बेवास्ता गर्नुपर्छ भन्ने होइन । यो रास्वपा सरकारलाई आमनागरिकले आवश्यक पर्ने साथ-सहयोग पाए पनि अन्तर्राष्ट्रिय परिस्थिति अनुकूल नहुनु र स्वयं सरकार सञ्चालनमा रहेकाहरूमा अनुभव र परिपक्वताको अभावले त्यति साह्रो साथ दिइरहेको छैन । तथापि त्यसका बाबजुद पनि भ्रष्टाचार न्यूनीकरण र सुशासनतिर चालिएका कदमलाई सकारात्मक रूपले हेरिएको छ । यसो भनेर सरकार हौसिएर जथाभावी एक्सनमा उत्रनु हुँदैन । अंग्रेजीमा एउटा भनाइ छ काममा हामफाल्नुभन्दा पहिले धेरै सोचेर विचार गरेर अघि बढ । यस भनाइलाई गम्भीरतापूर्वक ध्यान दिएर काम गर्दा लक्ष्यमा पुग्न सजिलो हुन्छ । अन्यथा केपी शर्मा ओली र रमेश लेखकलाई सरकारले नचाहँदा नचाहँदै हिरासतमुक्त गर्नुपर्ने अवस्था आउँदो रहेछ । त्यसैले नेपाल लोकतान्त्रिक प्रक्रिया र पद्धति अपनाएको हुनाले विधि र प्रक्रिया नपुर्‍याई चालिएका कदमहरू कच्चा सावित भए । भोलिका दिनहरूमा त्यसो नहोस् भन्नका लागि सरकार र सत्तारूढ पार्टी एकदम सचेत रहनुपर्ने देखिन्छ । मुलुकको प्राथमिकता भनेको सुशासन हो । सुशासनका आधार भनेका भ्रष्टाचाररहित समाज हो ।

साथै पारदर्शिता र जवाफदेहिता अर्को अपरिहार्य शर्त हुन् । जहाँ पारदर्शिता र जवाफदेहिता हुँदैन त्यहाँ सुशासनको कुरा गर्नु कोरा कल्पनामात्र हो । आज भ्रष्टाचार र कुशासनले मुलुक आक्रान्त छ । यो भनिरहनुपर्ने विषय होइन जहाँ (प्रकृतिले पनि) ढुंगा माटोले पनि त्यतातिर संकेत गरेको भान हुन्छ । वर्तमान सरकारसँग धेरै चुनौती छन् । ती चुनौती सामना गर्न चानचुने प्रयासबाट सम्भव देखिँदैन । पहिलो गाँसमै ढुंगा परेको छ मन्त्री बनाएको दुई हप्तै नबित्दै बर्खास्त गर्नुपरेको छ । यस्ता घटना बेलामौकामा देखापरिराख्छन् भन्ने कुरा बिर्सनु हुँदैन ।

विपक्षीहरूले लगाउने गरेको आलाकाँचाको आरोप मन्त्री दीपक साहको बर्खास्तीले पनि पुष्टि गरिसकेको कुरा भनिरहनुपर्ने विषय होइन । यसार्थ सुशासनका लागि चालिनुपर्ने कदम केवल कागजी घोडामात्र नबनून् व्यवहारको कसीमा खारिँदै जाउन् । अनिमात्र नेपाली समाजलाई भ्रष्टाचारको जालोबाट मुक्त गरी सुशासनयुक्त बनाउन समर्थ भइन्छ । जेन-जी विद्रोहको बेला तत्कालीन सरकारले अत्यधिक बल प्रयोग गरी अत्यन्तै ठूलो (दर्जनौ) संख्यामा मानवीय क्षति बेहोर्नुपर्‍यो । साथसाथै ठूलो मात्रामा भौतिक संरचना ध्वस्त भए । यी सबैको जिम्मेवारी तत्कालीन सरकार, सरकारमा आबद्ध पार्टीहरूमा थोपरियो तर जेनजी विद्रोहलाई उकास्ने र त्यही विद्रोहको आडमा विध्वंश मच्चाउनेहरूलाई संरक्षण गर्ने काम गौरीबहादुर कार्की आयोगले गरेको तथ्य सार्वजनिक भएकै छन् । यदि बालेन्द्र साह सरकारले ती सबै घटनाहरूको ( २०८२ भदौ २३ र २४ को) सत्यतथ्य आवश्यक परे पुन: छानबिन गराई जनसमक्ष ल्याउने हिम्मत राख्नुपर्छ । होइन भने नागरिक स्तरबाट नागरिक आयोग बनाएर जानुपर्ने अवस्था पनि नआउला भन्न सकिँदैन । के हुन्छ के हुँदैन त्यो कुरा निकट भविष्यका घटनाक्रमहरूबाट यसै हुन्छ भन्न सकिने स्थिति हुँदोरहेनछ । प्रसंगबस केही असान्दर्भिक जस्तो लाग्ने प्रसंगहरू कोट्याउने प्रयाशमात्र गरिएको हो । यदि मुलुकमा अब भ्रष्टाचारको अन्त्य गरी सुशासनको अनुभूति गराउनुछ भने नि:शन्देह आर्थिक समाजिक न्याय, शान्ति र समृद्धि पहिलो र अनिवार्य शर्त हो । अहिलेको सरकार र सांसदहरूलाई हिजो जसरी फुक्का भएर आफ्ना विचार, धारणा र दृष्टिकोण छताछुल्ल हुनेगरी बोलिने गरिन्थ्यो । अब त्यो सुविधा उनीहरूमा रहेन । अब त पूर्णजिम्मेवार र जवाफदेही भूमिकामा जनताले पुर्‍याइदिएकाले यो वा त्यो बहानामा आफ्नो जिम्मेवारीबाट भाग्न पाइने छैन । जनताप्रतिको जवाफदेहिता पूरा गर्न मेलमिलाप तथा सहमतीय बाटोको विकल्प खोज्नु, बहुमतको दम्भ वा अहंकार देखाउनु प्रत्युत्पादक हुनसक्छ । अत: यसतर्फ गम्भीर हुन जरुरी ठानिएको छ । उता सानो अर्थात् झिनो उपस्थिति नै किन नहोस् विपक्षी पार्टीहरू पनि आफ्ना नागरिकप्रतिको जवाफदेहिताबाट कुनै निहुँमा उम्कन पाउँदैनन् । शालीन, शिष्ट र मर्यादित ढंगले देश र जनताको बृहत्तर हितका लागि जिम्मेवारीबोधका साथ प्रस्तुत हुनु नै प्रतिपक्षीहरूको दायित्व हो । सत्ताबाट हात धुनुपरेको पीडा र छट्पटीलाई बिर्सेर भ्रष्टाचारविहीन र सुशासनका लागि चालिने कुनै सकारात्मक पाइलामा होष्टेमा हैंसे गर्नु नै श्रेयस्कर हो भन्ने बुझ्नु आवश्यक छ । सत्ता पक्ष, प्रतिपक्षको संयुक्त प्रयासबाट नेपालीले चाहेको भ्रष्टाचारमुक्त र सुशासनयुक्त समाज निर्माणको सपना साकार हुन कुनै दुरुहको विषय होला जस्तो लाग्दैन । सुशासनको अर्थ राज्यको ढुकुटी दुरुपयोग रोक्नेमात्रै होइन । सुशासन त नागरिकको दैनिकीसँग सिधैं जोडिएको हुन्छ । जबसम्म आमनागरिकले जीवननिर्वाहका लागि सहज महसुस गर्दैनन् तबसम्म सुशासन भएको मानिँदैन । तसर्थ सुशासनको अनुभूति आमनागरिकले गर्न पाउनुपर्छ । अन्यथा सुशासनको नारा केबल सत्ताप्राप्तिको माध्यम र राजनीतिक स्टन्टमात्र भनेर बुझ्नुपर्ने हुन्छ । सुशासनको अर्को कडी हो शान्ति तथा अमनचैन ।

शान्ति र अमनचैनबिना भ्रष्टाचारको न्यूनीकरण गर्दै सुशासनको दिशामा पाइला टेक्न त्यति सजिलो हुँदैन । धेरैजसो राजनीतिक दल वा व्यक्तिहरू धमिलो पानीमा माछा मार्न खप्पिस छन् भन्नेमा कुनै शंका नै छैन । यस कारण शान्ति सुव्यवस्था र अमनचैन सुशासनका लागि पहिलो शर्त हुन आउँछ । साथसाथै पारदर्शिता र जवाफदेहिता यसै पनि नभई नहुने तत्वहरू हुन् । त्यसैले सुशासनले मात्रै भ्रष्टाचारजन्य अपराधलाई न्यूनीकरण गर्दैजान सकिन्छ । यसो भन्दै गर्दा भ्रष्टाचार नियन्त्रण गर्न प्रजातान्त्रिक विधि र प्रक्रिया मिचेर होइन कानुनी राज्यको मान्यतानुरूप जानुपर्दछ । जुन कमजोर हालै पनि केपी शर्मा ओली र रमेश लेखकको सन्दर्भमा देखियो । यस्ता अधिनायकवादी शैलीमा राज्य प्रस्तुत हुनुहुँदैन । त्यो त निरंकुशताको एउटा सानो उदाहरणमात्र हो । यो सबै हतारमा गरिएको वा चालिएको कदम थियो जुन असफल हुनगयो । दुईचार दिन ढिलाले केही हुने थिएन त्यस्ता अपराधी नउम्किउन् भन्न स्थानहद लगाउन सकिन्थ्यो तर सरकार त्यहींनेर चुकेको हो कि भन्ने देखियो । आउँदा दिनहरूमा राज्यले सुशासनको दिशामा यस्ता धेरै भ्रष्टाचारजन्य अपराधीलाई प्राथमिकताको आधारमा (वर्गीकरण गरेर) क्रमश: कारबाहीको प्रक्रिया अघि बढाउन पर्नेमा कतै प्रतिशोध त होइन भन्ने झल्को दिनेगरी गरिएको धरपकडले सरकारले आलोचना खेप्नुपर्ने स्थिति आयो । यद्यपि सुशासन कायम गराउनु त्यति सजिलो काम होइन कठोरभन्दा कठोर कदम चाल्नैपर्छ तर हतार गरेर होइन । यहींनेर समस्या छ । कुनै समस्याको जरासम्म पुगेर त्यसको सही पहिचानपछि मात्र उपचार खोज्नु उपयुक्त बाटो हो । अब यो सरकारको सामु दुईवटा बाटा छन् । एउटा भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने र अर्को नागरिकलाई सुशासनको अनुभूति गराउने । यी दुई जिम्मेवारीबाट बालेन्द्र सरकार भाग्न पाउँदैन । सुशासनको अनुभूति आफ्ना नागरिकलाई समयोचित शिक्षा, आवश्यकता अनुसार स्वास्थ्योपचार र रोजगारी नै अहिलेको प्राथमिकता प्राप्त कार्य हुन् । यिनै कार्यबाट सरकारको मूल्यांकन सुरु हुन्छ तर त्यस्तो मूल्यांकन गर्ने समय भएको छैन चाहे सत्ता होस् वा प्रतिपक्ष । अहिलेको समय धैर्यको हो । बिग्रिजाने विषयमा सचेत गराउँदै जानुमात्रै विपक्षीको काम हो । सकारात्मक भूमिकामा आफू प्रस्तुत हुनु सबै राजनीतिक दलहरू र नागरिक समाजको कर्तव्य पनि हो भन्ने कुरा बिर्सनु भएन । यदि यसरी नै सबै जिम्मेवार पक्ष आ-आफ्नो ठाउँबाट आ-आफ्नो भूमिका निर्वाह गरेमा पक्कै भ्रष्टाचारमुक्त सुशासनयुक्त नेपाली समाज देख्न धेरै लामो समय पर्खन पर्दैन । ***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शेयर बजारबाट मनग्य लाभ आर्जन गर्न सकिनेछ। काममा नयाँ अनुभव थपिनेछ। | **तुला** : नयाँ लगानी लगाउने अवसर मिल्नेछ। कामको उचित मूल्यांकन हुनेछ। |
| **वृष** : अधिकारी वर्गहरुबाट प्रशंसा पाइनेछ। सामाजिक गतिविधिमा व्यस्तता बढ्नेछ। | **वृश्चिक** : कामका अवसरहरू प्राप्त हुनेछन्।व्यवसायमा फाइदा हुने योग छ। |
| **मिथुन** : माननीय जनहरुबाट सहयोग पाइनेछ। नयाँ अवसरहरू मिल्नेछ। | **धनु** : धैर्य र पराक्रममा वृद्धि हुनेछ। मनमा शान्ति र मुहारमा कान्ति छाउनेछ। |
| **कर्कट** : सफलताले मन उत्साहित रहनेछ। सन्तानको भविष्यलाई लिएर चिन्ता रहनेछ। | **मकर** : राजनीतिक क्षेत्रमा प्रभाव बढ्नेछ। आध्यात्मतिर झुकाव रहनेछ। |
| **सिंह** : राजनीतिक वा सामाजिक गतिविधिमा उल्लेखनीय प्रगति हुनेछ। | **कुम्भ** : नकारात्मक वातावरणको सिर्जना होला। शिक्षाको सहयोग मिल्नेछ। |
| **कन्या** : योजनाबद्ध प्रयासको प्रशंसा हुनेछ। आँटेको काममा सफलता मिल्नेछ। | **मीन** : कार्यक्षेत्रमा परिस्थिति अनुकूल रहनेछ।अरुको लागि श्रम खर्च गर्नुपर्ला। |




निबन्ध — ऋषिराम भुसाल

# हेलो साथी कि भलो साथी

पूर्वको विराटनगर जाने धोको धेरै समय पछि मात्र पूरा भएको थियो २०७० वैशाख २७ गतेको दिन । पूर्वको ठूलो शहर । पूर्वका धेरै साथीहरुसँग संगत भए पनि जाने मौका पाउन सकिएको थिएन । केवल उनीहरुका कुरा मात्र सुनेर अनुमान मात्र गरेको हुन्थे विराटनगर र वासपास यस्तो होला भनी । पूर्व घुम्ने मेरा ३ वटा मात्र कारण थिए । मधेशका जिल्लाहरु घुम्ने, देख्ने र त्यहाको वस्तुस्थितिको बारेमा थोरवहुत जानकारी लिने । तराईमा रहेको दहेज प्रथाको शुक्ष्म अध्ययन गर्ने र अर्को मुख्य कारण थियो मायाकुमारीलाई भेटने । सोसियल साईट फेसवुक, टयूवेली जस्ता विभिन्न माध्यमबाट बनेका साथी मध्ये मायाकुमारी पनि मेरो एक जना अनन्य मित्र ठानेको थिए । किनभने मेरा धेरै मित्रहरु फेसवुक मार्फत साथी बने पनि मलाई राम्रै भएको छ । उनीहरुसँग धेरै कुरा आदान प्रदान हुने गरेको छ । मायाकुमारीसँग पनि फेसवुकमा फोटा टयाग गर्ने, म्यासेज आदान प्रदान गर्ने र एकले अर्कोको भलाईका कुरा हुने गरेकोले मायाकुमारी मेरो निकटस्थ साथी बनेको मेरो ठम्याई थियो । त्यहि भएर पनि उनीलाई एक चोटी देख्ने धोको थियो मनभरी । म जानुका कारणमध्ये घुम्ने र त्यहाको दहेज प्रथाको जानकारी लिने दुई उद्धेश्य छिटै पूरा हुने खालका थिए । अर्को उद्धेश्य मायाकुमारीलाई राम्रोसँग भेटने थियो । सम्भव भए विराटनगरका मुख्य मुख्य ठाँउहरु उनी मार्फत जानकारी लिने र त्यँहाको वास्तविकता थाहा पाउने गुहय उद्धेश्य थियो । त्यसको लागि मैले उनीसँगको कार्यक्रम नै ३ दिनको लागि अलग्गाएको थिए । विराटनगर जानुपूर्व फेसवुक मार्फत उनको मोवाईल नम्बर मागे । उनको नम्बर पनि पाए ।

ज्यादै खुसी लाग्यो । पक्कै साथी राम्रै छन । केही समस्या परे पक्कै सहयोग पाईन्छ भन्ने मनमा दृढ विश्वास थियो । फोन गरे तर उठेन । व्यस्त भएर होला भने । जाने दिन उत्कट अभिलाषा सहित मनमा निकै ठूलो विश्वासका साथ म पूर्व लागे । पैतीस मिनेटको मेरो विराटनगरको यात्रा सकियो । विराटनगर पुगेर म आएको जानकारी एस.एम.एस.मार्फत गराए । म सिरहा र सप्तरीको भ्रमणमा लाग्नु थियो । म सिधै सिरहा लागे । उँहा पुगेर फोन गरे उठेन । माया कुमारी पक्कै व्यस्त भएर होला भन्ने सिधा सोंचे । २ दिनको वँसाई थियो सिरहामा र सप्तरीमा । सिरहा र सप्तरी जानुको उद्धेश्य त्यहाँका स्थानीयवासीहरुसँग सोधपुछबाट टिपोट गर्न सके । कतिपय कुराहरु सुन्दा नरमाईलो पनि लाग्यो । दहेजको कारण मानिसले मृत्युवरणसम्म गर्ने गरेका कतिपय विषयहरु पत्रिका मार्फत पनि नसुनेका होईनन । अझ प्रत्यक्ष पीडित व्यक्तिबाट समेत यस्ता विषयहरु सुन्दा यात्राको बेमोज ठाने । जे होस मैले त्यहाँको गतिविधिको धेरथोर जानकारी लिन सफल भए । अव मेरो त्यँहा वसाँईको उद्धेश्य सकिएपछि मेरो ठूलो उद्धेश्य विराटनगर घुम्ने र मायाकुमारीसँग भलाकुसारी गर्ने थियो । मनभरी ठूलो आशा लिएर विराटनगर घुम्ने र मायाकुमारीलाई भेट गर्ने थियो । तीन दिनको कार्यक्रम भएकोले कसरी विताउने र कँहा जाने भन्ने कुरा मायाकुमारीकै प्लान अनुसार चल्ने भन्ने मेरो योजना थियो । पर्सीपल्ट विराटनगर फर्कनुपर्ने भएकोले मैले मायाकुमारीलाई यदि तपाईले समय दिने हो भने म त्यँहा आउछु तीन दिन मसँग समय छ के गरौं भनी म्यासेज गरे । म्यासेज गरेको भोली पल्टसम्म पनि केही उत्तर आएन । फेरी गरे म के गरु भन्नु न प्लीज भनी लगातार म्यासेज गरे । रोही हत्ते गरे पनि केही प्रतिक्रिया नपाएपछि मनमा निरासाको तुवाँलो भरिन थाल्यो । जे भएपनि एक पटक त विराटनगर त घुम्नै पर्छ भन्ने लालसासहित म विराटनगर लागे । हुनत सिरहाबाट धनुषा हुँदै काठमाण्डौ आउन नजिक पनि पर्ने र सस्तो पनि हुन्थ्यो मेरा लागि । तैपनि जे उद्धेश्यले हिडेको हो त्यो पूरा हनै नपाएकोले म उतै विराटनगरतर नै लागे । मध्यान्ह दिँउसो विराटनगर पुगे दिनभर यताउता सोध्दै घुमफिर गरे । जोगवनी नाकातिर पनि पुगियो । चिनेजानेका साथीहरु कोहि कता कोही कता भएकोले विराटनगरमै भेटन नसकेको कारण एक्लै पर्नु अस्वभाविक थिएन । मेरो गन्तव्यतिर लाग्न कठिनता भने पक्कै भयो । मायाकुमारीलाई सर्म्पक गरेर जाउँ की भन्ने सोंच आयो । किन कर गर्ने मेरा लागि समय दिन ईच्छा र रुचि लाग्ने भए त म आएको जानकारी पहिले नै दिईसकेकै थिए । उनीले वास्ता गर्दैनन भने किन सोधीखोजी गर्ने त भनी एक्लै भएपनि जोगवनी, विराटचोक, महेन्द्रचोक, जिल्ला प्रशासन तिरका मुख्य मुख्य बजार एरियातिर घुमियो । कतै रिक्सावालासँग सर्म्पक गरेर कतै पसलवालासँग सर्म्पक गरेर । धेरै सोधिखोजी गरिरहनुपर्दा म विचरा भएपनि नँया ठाँउमा म जे जति घुमे मैले त्यो उपलब्धि नै ठाने । भोलिपल्ट काठमाण्डौ फर्कने निश्चित गरी टिकट काटे । वेलुका थकित हुँदै चिसो पिउदै अन्तिम एक पटक मायाकुमारीलाई म्यासेज गरे । थ्याङ्क्यू फर पोरभाईडिङ् मी यूअरर्स टाईम आई अम.हेयर ईन विराटनगर भनी म्यासेज गरे । तत्काल रिसिभ भयो कँहा हुनुहुन्छ भन्ने म्यासेज आयो । म आफू भएको ठाँउको जानकारी दिए । भेट गर्न मिल्छ भने भेटैं भन्ने प्रस्ताव राखे । छ बजेपछि अलिक चिसो पनि हुन्छ त्यतिबेला भेटौ भन्ने म्यासेज आयो । मैले कँहा र कतिबजे भनेर म्यासेज गरे । अहिले नै भेटौं भन्ने म्यासेज आयो । ल कँहा आउ म की तपाई आउनुहुन्छ भनी प्रश्न गरे । त्यसको उत्तर आएन । रिक्सा लिएर सररर् घुम्न निस्के । एक राउण्ड पूरा बजारका मुख्य मुख्य नाकाहरुमा पुगे । वेलुकापखको विराटनगरको दृश्यावलोकन रमणीय नै लाग्यो । साँझ पर्ने बेला चिसो पिउदै होटलमा वसेको थिए । म्यासेज ढिलो आयो । कँहा हुनुहुन्छ भनी उताबाट म्यासेज आयो । म आफू रहेको एरियाको जानकारी दिए । धेरैबेर म्यासेज आदान प्रदान भयो । उनीलाई अझै पनि भेट गर्न सकिने भए आउनुस भने । भोली विहान भन्ने उत्तर आयो । भोली विहान म जाने भन्ने खबर गरे । उनी आउने रुचि देखाईनन् । ठीकै छ भनि म मेरो गन्तव्यतिर लागे । मेरा साथीहरुमध्ये मायाकुमारी पनि मेरो अनन्य मित्र र माया गर्ने मध्येका थोरै मान्छेभित्र पर्थिन । उनी एक प्रसिद्ध मान्छे । उनीले मलाई शायद नराम्रो र तेस्रो दर्जाको नागरिकको हैसियतमा राखिन होला । मेरो अनुमान र ठम्याई त्यहि भयो । म नराम्रो नियतको मान्छे पनि होईन आखिर । हुन त मान्छे व्यवहारमा नपरि थाहा हुदैन । उनीले मलाई राम्रो मान्छे भन्ने ठानेकी भए एक पटक त भेट गर्थिन नै । मबाट उनीले खतराको शंका गरिन होला वा किन संगत गर्ने वाईहात मान्छेसँग भन्ने सोंच भयो होला । जो पायो त्यससँग वसे हिडेको गर्दा उनीलाई चिन्नेहरुले खिसी गर्लान भन्ने भय जाग्यो होला । मसँग हिड्दा दुनियाँले जिस्काउलान भन्ने भय र आफू लज्जित हुनुपर्ने हो की भन्ने शंका जागे होला उनीलाई शायद । म पनि त माया कुमारीसँग लभ गर्न हिडेको थिईन । उनीसँग विहे गरुला भन्ने आशाको खातिर पनि धाएको थिईन । वासनाले अन्मत्त भएर वासनाको प्यास मेटाउने ध्याउन्न पनि त थिएन मेरो । एक जना मन पर्ने मान्छेको नाताले एक पटक देख्न रुचि लागेर उनीलाई भेट गर्ने मनसायले हिडेको मान्छे थिए । भेट हुँदा आत्मियता बढ्थ्यो । साथिथ्यको आत्मियताले धेरै कार्यहरु गर्न पनि त सकिन्थ्यो । खाली साथी भनेको केवल लभ गर्नकै लागि वा विहे गर्नकै लागि पनि त हुदैनन् । सबै मान्छे स्वार्थले प्रेरित भएर पनि त हिड्दैनन् । ढुंगाको भर माटोलाई माटोको भर ढुंगालाई न हो । मानवीयताको नाता पनि त हुन्छ मानवमा । समस्या पर्दा एकले अर्कोलाई सहयोग गर्ने न हो । समस्या त जो कोहिलाई पनि त पर्न सक्छ । पूर्ण त आखिर कोहि हुँदैन । आज सम्पन्न भएको मान्छे भोली कंगाल हुन सक्छ । आज दु:खमा रुमल्लिएको मान्छे भोली सुखमा आहाल खेल्न सक्छ । आज अकेला भएको मान्छे भोली धेरैका माझमा हुन सक्छ । खाली सोंचाईको कुरा न हो । हुन त मायाकुमारीलाई माया गर्ने थुप्रै मान्छे होलान । शायद विहे गरेकी होलीन वा लभ गरेकी होलीन त्यो विषय मेरो लागि ठूलो विषय नै रहेन । आजको दुनियाँ हातमा हात र काँधमा काँध मिलाएर जान नसक्ने हो भने कसरी चल्छ र ? जटिल बन्दै गएको मानवीय जीवनचक्रमा साथिथ्वको महत्व बढदै गएको सर्न्दभमा एक जना मान्छे जसको पूरा विश्वास गरिएको थियो उसैबाट मेरोलागि २ मिनेटको पनि समय पाउन नसक्दा अति दु:ख लाग्यो । म एउटा निष्कर्षमा के पुगे भने सबै मान्छेलाई सहजै र पूरा विश्वास गर्नु हानिकारक रहेछ । हेलो साथीको ठाँउमा मलाई भलो गर्ने भलो साथी भैदिएको भए के म विराटनगर एक्लै भौतारिनु पर्थ्यो र ? भलो साथी भैदिएको भए शायद मलाई विराटनगरको ईतिवृतान्त सुनाउथ्यो, मलाई घुमाउथ्यो, साथ दिन्थ्यो, मेरो दु:खलाई आनो पनि दु:ख सम्झन्थ्यो । त्यसैले हेलो साथी र भलो साथीमा रहेको भिन्नतालाई आत्मवोध गर्दै भलो साथीको महत्ववोध मलाई विराटनगरमा साच्चिकै खटकियो । भलो साथको मात्र संगत गर्नु र हेलो साथीमा विश्वास नगर्नु नै जीवनमा कल्याण हुने मेरो निष्कर्ष रहेयो ।

*-समकालीन साहित्य डटकम*

कथा — सुरेश राई

# एउटा त्यस्तो हिउँदे बिदा !

"छ्या ! कति छिटै बिदा सकियो । हेर्दा हेर्दै फेरि काठमाडौं फर्कने बेला भैसकेछ," बरन्डामा यसै ढल्केर सोचिरहेको थिएँ । आमाको आवाज आयो- "जेठा त्यो सुँगुरको खोरको भाटा कसिदे होइ । घरी न घरी उम्केर मेरो मास्सु खाइसक्यो ।" मैले ...हुन्छ! भनें । पर पूर्वतिर दिक्तेल बजारका घरहरू टल्किरहेका टाढैबाट देखिन्थे । जाडो खासै घटिसकेको थिएन । हुन त पूर्वबाट आउने चिसो सिरेटो दिक्तेल लगायत हाम्रो गाउँसम्मै लडिफर्नु अगाडि नै ट्याम्के डाँडाले पक्रेर राख्थ्यो । नत्र त झन कति जाडो हुन्थ्यो होला हगि ? मैले आफैसँग सोधेँ । गाउँका चिचिभुँडीहरू भेला भएर हाम्रो खलाको परालभित्र गुफा बनाएर लुकामारी खेल्दै थिए । बरन्डासम्मै फेरि आमाको स्वर उक्लियो, "लु भो, आबो नखेल । मार्की लाग्छ क्या परालको धुलोले ! बिखालु पो हुन्च त परालको धुलो ता ।" खितिति हाँस्दै ती सबै त्यहाँबाट भागे । शहरी वातावरणमा म अझै अभ्यस्त भएको थिइनँ । मेरो मन सधैं हरितक्रान्तिले ढाकिएको प्राणमा त्राण भरिदिने यही गाउँमा नै हुन्थ्यो । म यहाँ पदार्थ पदार्थमा अपनत्व पाउँछु । हिउँदमा काठमाडौंको जाडोले पनि राम्ररी नै खेदो लाउँछ । ती बिराना मिरमिरेहरू । ती ओस लागेका चिसा गल्लीहरू । ती सडकहरू जहाँ मुसा मोटरले बीभत्स किचिएर वातावरणमा दुर्गन्ध फैलाउँछ । ती सबैसबैबाट म अहिले टाढा आएको छु । यति सम्झँदा मात्रै पनि मन आनन्दले झुम्छ । सम्झन्छु - यति बेला त शहरको जाडो पनि उखुपातै हो । जाडोले निदाउन नसकेर सडकहरू आँखाभरी विष जमाएर यसै ढल्किरहेका हुन्छन् । घरहरू अनिदा हुन्छन् । प्रत्येक अनिदा घरका झ्यालबाट बिहान झिसमिसेमा अलाराम घडीका थरीथरी आवाजहरू हाम फाल्दै गल्लीसडकका छातीमा पछारिन्छन् । त्यसपछि बल्ल पत्रिका बेच्नेहरू, कलेज पढ्ने केटाकेटीहरू, चिया चुरोट बेच्ने साउजीहरू र अन्य जागीरेहरू अल्छे चालमा उठ्दछन् । ठन्डी मौसममा मलाई ती कलेजका केटाहरू ज्यादै आकर्षक लाग्थे जो आफ्नो गर्लफ्रेन्डका मजेत्रो ओढेर निस्फिक्री फुसफुस चुरोट तान्दै सडकमा देखा पर्दथे । "छाउरी च्यो.. च्यो.. । हिज कहाँ गाको थिस् हँ ?" तल आमाको स्वरले फेरि मेरो सोचाइ भङ्ग भयो । घरमा एउटा कालो रङ्गको छाउरी कुकुर छ । त्यसको नामै छाउरी रहन गएको छ । त्यो हिजदेखि गायब थियो । शायद भर्खरै मात्र फर्कियो र आमा त्यसमाथि रोष प्रकट गरिरहनु भएको छ । ...हेर् बबीहाङ । अब फेरि उतै फर्कनुपर्छ ।! सम्झेर मन उसैउसै भारी भएर आयो । कान्छाले बिँडी सल्कायो । हावामा बिँडीको खरो गन्ध सरर फैलियो । उसको उमेर मुश्किलले बाह्र/तेह्र हुँदो हो । छड्के पारेर लाएको धुस्रे टोपीले कान्छालाई कत्ति पनि सुहाएको थिएन । बरु उमेर ज्यादा देखिएको थियो । झमक्क रात परिसकेको थियो । "घुँडा काटिस् त कान्छा !" सत्तुले भन्यो । ठ्याक्कै त्यही बेला अचानोमा कान्छा भालेको घुँडा टुर्क्याउँदै रहेछ । ऊ फुर्केर बोल्यो, "काट्छु त दाजै, म ता घुँडासुँडा घाँटीसाँटी सब काट्छु त !" "अरे मेरो घुँडा पो भनेको हौ कान्छा !" छेउमा टुक्रुक्क बसेर टर्च लाइट देखाउँदै गरेको सत्तुले भन्यो । खुकुरीको टुप्पोले उसको दायाँ घुँडालाई छ्यास्स छोएछ । सुरुवाल काटिएर मासुसम्मै भेटेछ । मैले हाँसो थाम्न सकिनँ । अरू पनि गलल हाँसे । "लाकक..! सारै काटेछु दाजै ?" कान्छ आत्तियो र सत्तुको घुँडानिर उसका चिम्सा निर्दोष आँखा पुऱ्याएर हेर्न थाल्यो । रगत बग्न नदिन दुई औंलाले घुँडाको चोट थिच्दै सत्तुले भन्यो, "छ्यास्स पारिस् नि हौ कान्छा ! भैगो तँ भाले काट् म मेरो खुन रोक्छु ।" फेरि सबै जना एक फेर गलल हाँसे । त्यही बीच सत्तुकी बहिनीले आँगनछेउबाट कुनै झारको पत्ता चुँडालेर ल्याई र दाजुको घुँडाको चोटमा केही थोपा चुहाइदिई । रातको अँध्यारोमा झलल बलिरहेको राँको बोकेर सुबेदार चन्द्रध्वज काका कुखुरा काट्ने कार्यक्रम चलिरहेको आँगनमा आइपुगे । आँगनको भुइँमा राँको झोसेर निभाए अनि आफ्नो गोलाकार छत्रे टोपी मिलाउँदै फौजी भाँतीमा बाहिरबाटै ठूलो स्वरले आदेश दिए, "ए सत्तेहाङको आमा, लु एक डबका जाँड बनाऊ त ।" भित्रबाट चर्को स्त्री आवाजमा तुरुन्तै तीर जस्तै जवाफ फर्कियो, "दिनभर गाउँ डुलुवालाई रातीराती के को जाँड ?" चन्द्रध्वज काका सिकुवामा आएर मसँगै खाटमा बस्दै भन्नु भो, "तँ त राम्रो पढिस् बबी । एसएलसी सकेर काठमाडौं पुगिस् । हाम्रो सत्तुहाङ त लठुवा भो । दुई दुई पल्ट एसएलसीमा गुल्टियो । बन्दुक बोकेर कालिज मार्न कुदिहिन्छ । कुन दिन माउवादीले भेट्छ कि सेनाले भेट्छ त्यसपछि फेला पर्छ । सेनालाई बन्दुक बुझाइहाल् भनेको मान्दैन ।" हाम्रो गफ सुनिरहेको सत्तु आँगनबाटै करायो, "मैले चार पाथी धानमा किनेको बन्दुक म किना आर्मीलाई दिन्चु ? दिन्नाँ । मेरो बन्दुक हो । ब्यारेकमा बुझाउनु भन्ने बित्तिकै बुझाउँचु ? मेरो बन्दुक मेरो खुशी ।" भारतीय सेनामा सुबेदार भएर सेवानिवृत्त हुनुभएका चन्द्रध्वज काका छोरा सत्तुहाङको कुरा सुनेर भने सिपाही झैं लुत्रुक्क परे । परिवारमा जब छोरो बढ्दै जान्छ पिताको सत्ता स्वत: धरापमा पर्न शुरू हुन्छ र यो नै एक खाले प्राकृतिक सामाजिक नियम हो । त्यसपछि सत्तु मतिर फर्कियो । "ओइ बबी तँ काठमान्डुमा कहाँ बस्चस् अरे ?" "बानेश्वर !" "ए..! हाम्रो स्कुलको हेडमास्टरको नाम थानेश्वर तँ बस्ने बानेश्वर," सत्तु फेरि एक हरफ ह ह ह गरेर हाँस्यो । मासु सबै टुर्क्याइसकिवरि कान्छाले हात धुँदै मलाई खिज्याउँदै सोध्यो, "अनि हाम्रो बबी दाजैलाई ता कुखा काट्न पनि आउँदैना पो थ्यो नि ? काठमाडौंमा कुखा काट्न सिक्नु भो कि दाजै ?" मैले थोरै अप्ठ्यारो मान्दै काठमाडौंमा कुखुरा काट्न नपर्ने बरु चोकचोकमा कुखुराको मासु पसल भएको कुरा बताएँ । सत्तुले त्यसमा पनि मलाई बाँकी छोडेन र भन्यो, "यसको घरमा पछि यसको स्वास्नीले काट्छ कुखा ।" भालेको मासु पाक्यो । भान्साबाट मगमग वासना बाहिरियो । हामी हात धोएर भुइँमा लहरै गुन्द्रीमाथि बिछ्याइएको राडीमा बस्यौं । भित्तामा झुन्ड्याइएका ठूला ठूला दुई खड्कुला, लहरै मिलाएर राखिएका तामे र पित्तले गाग्रीहरू, आम्खोरा र करुवाहरू मलाई सबैसबै प्रिय लागे । यो त्यही घर हो जहाँ म सत्तुसँग खेल्दै हुर्किएँ । सयौं पटक बास बसेँ । सत्तुको भागको खाजा उसिनेको इस्कुस र सुठुनी सयौं पटक बाँडेर खाएँ । यस घरमा मलाई सुकिरहेको सुकुटी थुतेर पोलिखान कसैलाई सोध्नु परेन । आज त्यही घरमा म पाहुना बनेर खाना खान निम्त्याइएको छु । मलाई एक खालको बेग्लै आनन्दको अनुभूति भैरहेको थियो । मनमनै भनें, "कि त अब म ठूलो भैसकेँ । कि त काठमान्डु खत्रै रैछ र मलाई मेरै गाउँमा पाहुना बनाइदियो । आहा !" मसँग सत्य कुरा खोल्ने र सबैलाई सम्झाउने हिम्मत थिएन । मेरो सासै रोकिएको जस्तो भएको थियो । ममाथि सयौं वाणहरूको वर्षा भएको अनुभूति मैले गरिरहेको थिएँ । म त्यस माहौलमा पलपल आफै मरेको महसूस गर्दै थिएँ । छातीभित्र अटेसमटेस खाँदिएका शब्दहरूलाई दबाउँदै म त्यहाँबाट अपराधी मुद्रामा निर्वाक निस्किएँ । टिक्नै गाह्रो भएपछि सत्तु लगायत अरू कसैलाई थाहै नदिई त्यहाँबाट मैले सुइँकुच्चा ठोकेँ । म हुरिइँदै मातेको मान्छे जस्तो राईहरूको साकेला थान मुन्तिर आइपुगेँ । मलाई डाँको छोडेर बेस्मारी रुन मन लागिरहेको थियो । मैले साकेला थान छेवैको सुन्दर पोखरीमा आफूलाई हेरेँ । ऐना जस्तो सङ्लो पानीमा आफ्नो छाया टिल्पिलायो । मैले आफ्नो मुख चुच्चिँदै गएर स्यालको थुतुनो भएको देखेँ । मेरो अनुहार झ्याप्प स्यालका झैं राता-खैरा रौंले ढाकिएका थिए । इँ गर्दा लामा लामा दाह्राहरू देखिए । दुवै कान सुइरिएर तीखा भएका थिए । बेस्सरी डराएको म मानवीय स्याल वा स्यालीय मानव हस्याङफस्याङ गर्दै आफ्नो घरतर्फ बेपत्तासँगले भागेँ । क्षत्रिय रीतिअनुसार लाश जलाउन दिखुवा खोलातिर लैजाने चलन थियो । शायद मलामीहरू पैयुँडाँडा काटे होलान् । केही बेरपछि दूर दूर शंखको आवाज पातलिँदै गैरहेको मैले थाहा पाएँ । आखिर शहर फर्कने दिन आयो । सत्तु मलाई छोड्न भनेर रात्माटे डाँडासम्म सँगसँगै आयो । छुट्ने बेला पनि भयो । मेरो मन कटक्क खायो । मैले सधैं हँसमुख मेरो साथी सत्तुको अनुहार पहिलो पटक यति मलिन देखेँ । उसको पहेँलो ज्याकेट, उसको ऊनको टोपी, थोरै उ्रेको जुत्ता, हाँस्दा बन्ने गालाको खाल्डो, चञ्चल आँखा सबै सबै सत्तुकै जस्ता दुरुस्त थिए । गायब थियो त केवल अनुहारको चमक ! अब यस बिन्दुबाट ऊ गाउँ फर्कनु पर्ने थियो । म आफ्नो बाटो लाग्नु पर्ने थियो । छुट्नु अघि मैले वरिपरि कोही छ कि भनेर एकपटक यताउता हेरेँ अनि कोही नभएकोले ढुक्क हुँदै सत्तुलाई भनेँ, "सत्तु ! चिट चोरेरै भए पनि अर्को पाली चैं एसएलसी पास् गर्नु है ! आफूले सकिञ्जेल पढ्नू । म पनि फुर्कीफुर्की स्याल बासिदिन्थेँ । ठूलो भएपछि त्यो कलाको कतै कुनै प्रयोजन भएन । अत: यो लागिरहेको डर निवारण गर्न मैले फेरि एक पटक स्याल कराउने निधो गरेँ । म स्याल कराउन थालेँ । सम्पूर्ण वातावरणमा एक्ले स्यालको रोदन गुञ्जियो । म डरलाई मिच्दै मिच्दै अघि बढेँ । डर न्यूनीकरण हुँदै गयो । वारिपारि दुवै गाउँका कुकुरहरू भुक्न थाले । अघिसम्म शान्त माहौल अहिले स्याल र कुकुरको दोहोरीले पूरै खल्बलियो र जाग्यो । अब अर्को खड्गो काट्नु थियो कटुवाल धाराको । त्यो तर्साउने भनिएको बूढो किम्बुको रूखको । त्यत्ति परीक्षा पास भएपछि त म सजिलै घर पुगिहाल्ने थिएँ । आखिर त्यही स्यालबासी कलाले मलाई भूतीया कटुवालधारा पनि नडराई सहजै पार गरायो । मेरो अजीवको त्यो प्रतिभाले आखिर रातको डरमाथि विजय प्राप्त गऱ्यो । हाम्रो हिउँदे गोठ पुगेपछि बल्ल मैले स्याल कराउन बन्द गरेँ र एक किसिमको लाज र ग्लानि मिश्रित भावसहित म घर पुगेँ । भोलि बिहानै जोडी शंखको एकदमै उदास र विरक्तलाग्दो आवाजले म ब्युँझिएँ ।

*-साहित्यपोस्ट डटकम*

# रामपुरमा आरोग्य दिवस मनाइयो




**पाल्पा,** वैशाख २/जिल्लाको रामपुरमा प्रथम अन्तराष्ट्रिय आरोग्य दिवस मनाइएको छ । रामपुर नगरपालिकाको आयोजनामा बुधवार एक कार्यक्रमको आयोजना गरी दिवस मनाइएको हो ।


'आरोग्यताको आधार योग, ध्यान र आयुर्वेद उपचार' भन्ने नारा सहित दिवस मनाइएको हो । आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै पाल्पा क्षेत्र नं. १ का प्रतिनिधि सभा सदस्य सन्दिप रानाले नेपाल आयुर्वेद र योगको मुहान नेपाल भएको बताए । योग र आयुर्वेदको सुरुवात यहींबाट भएको भन्दै उनले आयुर्वेद पद्धतिको प्राकृतिक उपचार विधि पनि यहींबाटै विकास भएको उल्लेख गरे । आयुर्वेदको प्रारम्भ नेपालबाट भए पनि यसको प्रबर्द्धन र प्रभावकारी प्रयोगमा ल्याउन नसक्दा पूर्विय चिकित्सा उपचार पद्धतीको अगाडी ओझेलमा परेको सांसद रानाले बताए । आयुर्वेद र योग हाम्रो पहिचान भए पनि यसको निरन्तर प्रयोग र विकासमा ध्यान दिन आवश्क रहेको उनले बताए । सांसद रानाले रामपुर र समग्र कालिगण्डकी वेशीलाई बैदिक पर्यटन क्षेत्रको रुपमा विकास गर्नका लागि तीनै तहका सरकारसँग समन्वय गरेर योजना सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा लुम्बिनी प्रदेश अर्थ उद्योग तथा पर्यटन समितिका सभापति एवं प्रदेश सांसद राजु प्रसाद श्रेष्ठले स्वास्थ्य मानिसको सबै भन्दा ठुलो धन भएको बताउनुभयो । नसर्ने रोगबाट बच्नका र स्वस्थ जीवनका लागि योग र आरोग्य उपचार पद्धती महत्वपूर्ण रहेको बताए । यस्तै रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले योग ध्यानले मानिसलाई निरोगी बनाई स्वस्थ जीवन जीउन सघाउ पुऱ्याउने बताए । स्वस्थ जीवनले मात्र मानिसमा सकारत्मक सोचको विकास हुने भन्दै स्वस्थ जीवनशैलीका लागि नियमित योग ध्यान महत्वपूर्ण रहेको उनले बताए । साथै योग र आरोग्य सेवाका लागि रामपुर नगरपालिकाले आवश्यक कार्यक्रम सञ्चालन गर्ने नगर प्रमुख थापाले बताए । कार्यक्रममा रामपुर आयुर्वेद अस्पतालका प्रमुख चेमन प्रकाश पोखरेलले संयुक्त राष्ट्र संघमा नेपालले प्रस्ताव गरेको कार्यक्रम अनुसार अन्तर्राष्ट्रिय आरोग्य दिवस मनाउन शुरु गरेको बताए । साथै विश्वमा नसर्ने रोगको भयाभह भएका कारण यसको न्यूनिकरणका लागि योग तथा आरोग्य एक मात्र विकल्प उनको भनाई छ । रामपुर नगर योग समितिका अध्यक्ष सुदिप गैरेले योग तथा ध्यानले मानसिक स्वास्थ्य सबल बनाई नैतिक ज्ञान समेत प्रदान गर्ने बताए । रामपुर नगरपालिकाका नगर प्रमुख रमण बहादुर थापाको अध्यक्षता, रामपुर आयुर्वेद अस्पताल रामपुर पाल्पाका प्रमुख चेमन प्रकाश पोखरेलको स्वागत, रामपुर नगरपालिकाका योजना शाखा प्रमुख विक्रम बस्नेतले गरेका थिए ।

## चौथों गोरखा–जितगढी...

...नेपाली सेनाको आयोजना र स्थानीय तहहरुको सहयोगमा सेना पदयात्रामा निस्किएको हो । उक्त टोलीको प्रतिनिधि मण्डल र पाल्पास्थित 'दि फेमस महिन्द्र दल गण' ले पाल्पाको गढी तथा किल्लासम्मको यात्रा गर्ने छन् । उक्त टोलीले पहिलो दिन केलादीघाट हुँदै विरकोट, पूर्वखोला ३५ किलोमिटर यात्रा गर्दै छ । वैशाख ३ गते विरकोट, पूर्वखोलादेखि गोठादी, माथागढी, ३९ किलोमिटर टोलीले पदयात्रा गर्ने पाल्पास्थित 'दि फेमस महिन्द्र दल गण' का सेनानी डिलबहादुर राना मगरले जानकारी दिए । उनका अनुसार बैशाख ४ गते गोठादी, माथागढीदेखि प्रभास, तानसेन ३५ किलोमिटर यात्रा गर्ने छ । बैशाख ५ गते प्रभास-तानसेन काजीपौवा हुँदै प्रभास १७ किलोमिटर यात्रा गर्ने छ । वैशाख ६ गते प्रभासदेखि दोभान ३२ किलोमिटर यात्रा हुने छ । पदयात्रामा नेपाली सेनाका ५३ जना अधिकृत, सकलदर्जा, सुरक्षाकर्मीको सहभागिता रहेको छ । बैशाख ७ गते नेपाली सेनाले अंग्रेज सेनालाई पराजित गरी विजय उत्सव गरेको दिन पदयात्रा टोलीले दोभान नुवाकोटगढी देउरालीमा पुगी बुटवलको टोलीलाई झण्डा हस्तान्तरण गरी जितगढी विजय उत्सवमा सहभागी हुने कार्यक्रम रहेको छ । तत्कालिन समयमा राज्य एकिकरणको क्रममा प्रयोग भएका सम्पादहरु गढी , किल्ला, मार्ग देखि नेपाल-अंग्रेज युद्ध र नेपाली सेनाको विरासतसँग जोडिएका ऐतिहासिक दस्ताबेज, महिमालाई नयाँ पुस्ता माझ पुर्नताजगी गराउन पदयात्राले सहयोग विश्वास लिइएको छ । पदयात्रा गोरखाबाट सुरु भई रुपन्देहीको जितगढी किल्ला पुगेर विजय उत्सवका रुपमा सहभागी भई टुँगीने छ । नेपाल आक्रमणमा आएको अंग्रेज सेनालाई पराजित गरेको दिनको स्मरण गर्दै बैंशाख ७ गते ऐतिहासिक स्थल जितगढी किल्लामा विजयोत्सव मनाउने गरिन्छ । १८७२ वैशाख ७ मा अंग्रेज सेनामाथि नेपाली सेनाले विजय प्राप्त गरेको दिन पारेर बुटवल उपमहानगरपालिकाले हरेक वर्ष विजयोत्सव मनाउँदै आएको छ । जितगढी किल्लालाई केन्द्रविन्दु बनाएर तत्कालीन पाल्पा राज्यका कर्णेल उजिरसिंह थापा नेतृत्वको फौजले झन्डै ३ महिना अंग्रेजसँग लडेको र दुईपटक अंग्रेज सेनाले आक्रमण गर्दा पनि उसलाई पराजित गर्दै गोरखपुरसम्म लखेटेको दिनलाई विजयोत्सवका रूपमा लिने गरिएको छ । सेनाले 'पहिलो गोरखा-जितगढी' पदयात्रा गत चैत्र २९ गतेदेखि गरेको थियो ।

### खेलकुद समाचार

## पुलिसलाई हराउँदै मधेश प्रदेश जय ट्रफीका लागि छनोट



**काठमाडौं,** वैशाख २/नेपाल पुलिस क्लबलाई हराउँदै मधेश प्रदेश जय ट्रफी एलिट कप क्रिकेटका लागि छनोट भएको छ । योसँगै प्रधानमन्त्री कप राष्ट्रिय एकदिवसीय क्रिकेट प्रतियोगिताको शीर्ष ६ मा रहेर जय ट्रफी खेल्ने ६ वटै टोलीको टुङ्गो लागेको छ । त्रिभुवन आर्मी क्लब, सुदूरपश्चिम प्रदेश, एपीएफ क्लब, मधेश प्रदेश, लुम्बिनी प्रदेश र नेपाल पुलिस क्लबले जय ट्रफी खेल्ने भएका हुन् । प्रधानमन्त्री कपमा आज लिग चरणको अन्तिम खेलमा मधेशले पुलिसलाई ४ विकेटले हरायो । पुलिसले दिएको १३१ रनको लक्ष्य मधेशले २४ ओभर १ बलमा ६ विकेट गुमाएर भेटायो । मधेशका अरनिको यादवले नटआउट ६५ रन बनाए । पुलिसका गुल्सन झाले ३ विकेट लिए । यसअघि वीरगञ्जमा टस हारेर ब्याटिङ गरेको पुलिसले ४० ओभर ३ बलमा १३० रन बनाउँदा सबै विकेट गुमायो । पुलिसका कुशल भुर्तेलले ३९ रन बनाए । मधेशका पवन सर्राफ, रञ्जीत कुमार र आशिक बैठाले ३/३ विकेट लिए । यस्तै जनकपुरमा भएको खेलमा आर्मीले लुम्बिनीलाई १ विकेटले हरायो । लुम्बिनीले दिएको १३९ रनको लक्ष्य आर्मीले २५ ओभर २ बलमा ९ विकेट गुमाएर भेटायो । आर्मीका कुशल मल्लले ४१ रन बनाए । लुम्बिनीका सन्तोष यादवले ५ विकेट लिए । यसअघि जनकपुरमा टस जितेर ब्याटिङ गरेको लुम्बिनीले ३९ ओभर २ बलमा १३८ रन बनाउँदा सबै विकेट गुमायो । लुम्बिनीका रञ्जीत खड्काले २८ रन बनाए । आर्मीका कुशल मल्लले ४ विकेट लिए । १० वटा टोली सहभागी प्रधानमन्त्री कपको उपाधिका लागि आउँदो शुक्रवार शीर्ष २ टोली आर्मी र सुदूरपश्चिमबीच प्रतिस्पर्धा हुनेछ । सुदूरपश्चिम पहिलो पटक फाइनलमा पुगेको हो ।

**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## नेप्से परिसूचक ३३ अङ्कले बढ्यो



**काठमाडौं,** वैशाख २/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ३३ दशमलव २७ अङ्कले बढेर दुई हजार ८६६ दशमलव ८७ को बिन्दुमा कायम भएको छ । यो एक दशमलव १७ प्रतिशतको वृद्धि हो ।

बुधबार ३४४ कम्पनीको दुई करोड ६४ लाख ३८ हजार ५२१ कित्ता शेयर एक लाख २३ हजार ३५९ पटक खरिदबिक्री हुँदा रु १० अर्ब ५३ करोड ७० लाख आठ हजार ७९६ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । बुधबारको कारोबारमा सबै समूहको उपसूचक बढेको छ । बैंकिङ एक दशमलव ३०, विकास बैंक एक दशमलव ५३, वित्त एक दशमलव २१, होटल तथा पर्यटन तीन दशमलव १६, जलविद्युत् दुई दशमलव १४ र लगानी समूह शून्य दशमलव ८९ प्रतिशतले बढेको छ । त्यस्तै, जीवन बीमा शून्य दशमलव ४६, उत्पादन तथा प्रशोधन शून्य दशमलव ११, लघुवित्त शून्य दशमलव ६४, म्युचुअल फन्ड शून्य दशमलव ५६, निर्जीवन बीमा शून्य दशमलव ३९ र अन्य समूह शून्य दशमलव १० प्रतिशतले बढेको छ । बुधबार ६ कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको नेप्सेले जनाएको छ ।

**स्वच्छ शहर: स्वस्थ्य शहर**

-धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं,
-सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं,
-तोकिएको स्थानमा मात्र फोहोर फालौं,
-करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं,
-सार्वजनिक स्थलका बोटविरुवा तथा फूलको संरक्षण गरौं,
-स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
-ध्वनि र वायु प्रदूषण कम गरौं,
-सडकको समयसमयमा मर्मतसम्भार गरौं,
-सडकमा निर्माण सामग्री नराखौं।
शहरलाई सफा राखौ: सुन्दर बनाऔं।



नेपाल सरकार
**विज्ञापन बोर्ड**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई